Progressive Finance Limited

# प्रोग्रेशिभ फाइनान्स लिमिटेडको

पच्चिसौं बार्षिक साधारण सभाको

**निर्णय अभिलेख (माइन्युट)**

**१. सभाको वैधानिकता :**

प्रोग्रेशिभ फाइनान्स लिमिटेडको पच्चिसौं बार्षिक साधारण सभा यस कम्पनीको संचालक समितिको मिति २०७८/११/१९ गते बसेको संचालक समितिको ४८० औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ तथा यस कम्पनीको नियमावलीको नियम १८ बमोजिम कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री किशोर कुमार महर्जनज्यूको अध्यक्षतामा निम्न उल्लेखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिमको निर्णयहरु भयो ।

**२. सभाको मिति, स्थान र समय :**

मिति : २०७८ साल चैत्र १६ गते, बुधबार (तदनुसार ३० मार्च, २०२२)

समय : दिउसो १:०० बजे ।

स्थान : ज्यापू प्रज्ञा भवन, भोलगणेश, ललितपुर म.न.पा वडा नं. ९, ललितपुर ।

**३. सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७(२) को प्रावधान अनुसार पच्चिसौं वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयहरु सहितको विवरण निम्नानुसार खुलाई सभामा उपस्थितिका लागी शेयरधनीहरुलाई मिति २०७८।११।२२ को आर्थिक अभियान राष्ट्रिय दैनिक र मिति २०७८।१२।१० गतेको राजधानी राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको थियो । साथै साधारण सभामा प्रस्तुत गर्ने प्रस्तावहरु शेयरधनी महानुभावहरुलाई बितरणको प्रवन्ध मिलाईएको थियो ।

४. छलफलका विषयहरु :

**(क) सामान्य प्रस्तावहरु :-**

१. संचालक समितिको तर्फबाट प्रस्तुत बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण(वासलात), नाफा/नोक्सान विवरण (अन्य विष्तृत आम्दानीको विवरण सहित), नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण आदि सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७८/०७९ को लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम वाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।
४. संचालक समितिबाट प्रस्ताव गरे बमोजिम आ.व.२०७७/०७८ सम्मको मुनाफा तथा शेयर प्रिमियमबाट संस्थाको चुक्ता पूँजी रु.८०,०१,००,०००/- को ६.० प्रतिशत बोनश शेयर वितरण गरिने हुँदा सो बापत कर प्रयोजनार्थ नगद लाभांश ०.३१५८ प्रतिशतले हुने रकम रु.२५,२६,६३२/- (अक्षरेपी: पच्चिस लाख छब्बिस हजार छ सय बत्तीस रुपैया मात्र) वितरण गर्ने प्रस्ताव पारित गर्ने ।
५. संचालक समितिबाट संस्थापक समुहको तर्फबाट प्रतिनिधित्व गर्ने रिक्त संचालक पदमा भएको नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा ।
६. विविध ।



Progressive Finance Ltd. 2051

Progressive Finance Limited

(ख) विशेष प्रस्तावहरु :-

१. संचालक समितिबाट प्रस्ताव गरे बमोजिम कम्पनीको चुक्ता पूँजीको ६.० प्रतिशतका दरले हुन आउने रु.४,८०,०६,०००/- (अक्षरेपी: चार करोड असी लाख छ हजार मात्र) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृत गर्ने र बोनस शेयर जारी गर्दा कम्पनीको प्रस्तावित अधिकृत, जारी तथा चुक्ता पूँजीको वृद्धि गर्ने र सोहि अनुसार प्रबन्धपत्र संसोधनलाई स्वीकृत गर्ने ।

२. प्रबन्धपत्र तथा नियमावलीको संसोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न सुझाव प्राप्त भएमा सो अनुरुप समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

३. यस वित्तीय संस्था र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने, "बैंक तथा वित्तीय संस्था प्राप्ति (Acquisition) सम्बन्धी विनियमावली, २०७०" बमोजिम एक्विजिसन गर्ने गराउने, सो सम्बन्धमा वित्तीय संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit) गर्ने, मान्यता प्राप्त परामर्शदाता, मूल्याङ्कनकर्ता तथा लेखापरीक्षकहरु नियुक्त गर्ने, निजहरुको पारिश्रमिक निर्धारण गर्ने, गाभ्ने/गाभिने, एक्विजिसन सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र अन्य प्रक्रिया समेत पूरा गरी सोमा हस्ताक्षर गर्ने लगायत गाभ्ने/गाभिने वा एक्विजिसन गर्ने गराउने कार्यसँग सम्बन्धित आवश्यक सम्पूर्ण प्रकृया पूरा गर्न सञ्चालक समितिलाई अख्तियारी दिने । (संस्थाको अस्तित्व रहने गरि विगत साधारण सभाको निरन्तरताका लागि)

५. **उपस्थिति :**

(१) सञ्चालक समितिका सदस्यहरु जम्मा ७ जना ।

(२) शेयरधनी महानुभावहरुको स्वयं उपस्थिति जम्मा १६१ जना
(साधारण शेयरधनी: १११ तथा संस्थापक शेयरधनी: ५०)

(३) प्रोक्सी मार्फत उपस्थिति १२ जना गरी जम्मा उपस्थिति संख्या १७३ जना ।

५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार उपस्थित संचालकहरु :

१. श्री किशोर कुमार महर्जन - अध्यक्ष
२. श्री शम्भुलाल डंगोल - संचालक
३. श्री विकास महर्जन - संचालक
४. श्री समुन्द्र काजी श्रेष्ठ - संचालक
५. श्री सविना महर्जन - संचालक
६. श्री अनिश महर्जन - संचालक
७. श्री विप्लव सिंह - स्वतन्त्र संचालक

५.२. **अन्य पदाधिकारीहरुको उपस्थिति** :

१. श्री विशाल हुमागाईं - प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव
२. श्री प्रमोद भट्टराई - मुख्य प्रबन्धक
३. श्री शालिकराम चापागाँई - कार्यकारी प्रबन्धक
४. श्री राजीव रत्न शाक्य - सहायक प्रबन्धक
५. श्री प्रभात निश्चल गिरी - मुख्य अधिकृत
६. श्री सुबास दाहाल - बरिष्ठ अधिकृत



Progressive Finance Ltd. 2051

Progressive Finance Limited

७. श्री जयराम कर्माचार्य - अधिकृत
८. श्री रजनी शाक्य - अधिकृत
९. श्री लक्ष्मी सिंह - अधिकृत
१०. श्री रबिन महर्जन - अधिकृत
११. श्री हरि गोबिन्द कार्की - अधिकृत
१२. श्री कृष्णनन्दन साह - अधिकृत

**५.३ नियमनकारी निकायबाट भएको उपस्थितिः नभएको**

उपस्थिति विवरण

| विवरण | उपस्थिति | शेयर संख्याको प्रतिनिधित्व गर्ने प्रतिशत |
|---|---|---|
| शेयरधनीहरु | १७३ जना (७ जना संचालक समेत) स्वयं | |
| | प्रोक्सी १२ जनाको | ५२.५० प्रतिशत |
| शेयर संख्या | प्रतिनिधित्व भएको जम्मा शेयर संख्याः ४२,००,८१० | |

६. **गणपूरक संख्या** (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम गणपूरक संख्या) :
यस कम्पनीको पच्चिसौं बार्षिक साधारण सभामा यस कम्पनीको बार्षिक साधारण सभा गर्नको लागि आवश्यक गणपूरक संख्या यस कम्पनीको बाँडफाँड भएको शेयर कित्ताको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वयं वा आफ्नो (प्रोक्सी) प्रतिनिधिद्वारा उपस्थिति हुनु पर्ने प्रावधान यसै कम्पनीको नियमावलीको दफा २३ मा भएको व्यवस्था अनुसार कुल बाँडफाँड भएको शेयर कित्ता ८० लाख १ हजारमा ४२ लाख ८ सय १० कित्ता शेयरको प्रतिनिधित्व हुने गरी जम्मा १६१ जना शेयरधनीहरुको स्वयं र १२ जना शेयरधनीहरु प्रतिनिधि (प्रोक्सी) को माध्यमबाट उपस्थिति रहेको हुँदा सभा संचालनको लागि आवश्यक शेयर कित्ताको प्रतिनिधित्व र शेयरधनीहरुको संख्या उपस्थिति भएको थियो ।

७. **सभा संचालनको लागि वैधानिकताको एकिन** :

७.१. कम्पनी ऐन, २०६३ तथा वित्तीय संस्थाको नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३(२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीहरुको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको पच्चिसौं बार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या १७३ रहेको र निजहरुले प्रतिनिधित्व गरेको कुल शेयर संख्याको ५२.५० प्रतिशत भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुरा भएको र प्रचलित कानून अनुसार सभा संचालन गर्न वैधानिक भएको जानकारी सभालाई गराई सभाका सभापतिको अनुमतिले पच्चिसौं बार्षिक साधारण सभाको कामकारवाही सञ्चालन गराउनुभयो ।

७.२. यस कम्पनीको नियमावली को नियम १९ (१) मा भएको व्यवस्था बमोजिम दिनको १:०० बजे अध्यक्ष श्री किशोर कुमार महर्जनज्यूको अध्यक्षतामा वित्तीय संस्थाको पच्चिसौं बार्षिक साधारण सभा शुरु भयो ।

८. **बार्षिक साधारण सभाको प्रस्तुति :**

१ सभाका अध्यक्षज्यूबाट पानसमा दिप प्रज्वलन गरी सभाको उद्घाटन पश्चात वहाँकै अनुमतिले सभाको काम कारवाही शुरु गरियो ।

Progressive Finance Ltd. 2051

२. अध्यक्षज्यूले आफ्नो मन्तव्य दिनुहुँदै संचालक समितिका तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेश गर्नुभयो ।

३. त्यस पछि अध्यक्षज्यूले आ.व. २०७७/७८ को वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सान हिसाव (अन्य विस्तृत आम्दानीको विवरण सहित), नगद प्रवाह विवरण तथा सो सँग सम्बन्धित अनुसूचीहरु समेत छलफलका लागी सभा समक्ष पेश गर्नुभयो ।

९. **छलफलका लागि आह्वान** :

९.१. वित्तीय संस्थाको आ.व. २०७७/७८ को प्रतिवेदन, वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सान हिसाव (अन्य विस्तृत आम्दानीको विवरण सहित) तथा नगद प्रवाह विवरण उपर मन्तव्य प्रकट गर्न, सो सम्वन्धमा कुनै जिज्ञासा वा सुझाव भए जानकारी गराउन तथा छलफलका बिषयसूची अनुसार छलफल गरी निर्णय गर्न अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात देहायका शेयरधनीहरुले छलफलको क्रममा देहाय अनुसार जिज्ञासा एवं सुझावहरु व्यक्त गर्नु भएको थियो ।

९.२. **छलफलमा सहभागी भई जिज्ञासा एवं सुझाव सहितको मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरु :**

१. श्री उद्धव प्रसाद घिमिरे
२. श्री लभराज जोशी
३. श्री शिव प्रसाद पौडेल
४. श्री शत्रुघन श्रेष्ठ
५. श्री इन्द्रकृष्ण श्रेष्ठ
६. श्री ब्रह्मदेव शाक्य
७. श्री नरसिंहलाल चँखु
८. श्री रोजकुमार श्रेष्ठ
९. श्री राम गोपाल महर्जन
१०. श्री उत्सव श्रेष्ठ

१०. **छलफलमा सहभागी हुनु भएका शेयरधनीहरुको विचारको प्रस्तुतीकरण :**

१. श्री उद्धवप्रसाद घिमिरे

अध्यक्षज्यूको सफल नेतृत्वका कारण प्रोग्रेशिभ फाइनान्सको प्रगति सकारात्मक रहेको छ । यो प्रगतिलाई निरन्तरता दिन आग्रह गर्दछु । संस्थाको बित्तीय बिवरण आर्थिक सुचकांक राम्रो छ । जटिल तथा कठिन अवस्थामा पनि बोनस शेयर लाभाँस शेयरधनीहरुलाई दिन सफलता प्राप्त भएको छ । कर्पोरेट कार्यालयको आफ्नो भवन बनाउने तर्फ लाग्न सुझाव छ तथा सम्पत्तिको प्रतिफलका लागि प्रयत्न गर्नु पर्ने देखिन्छ ।

२. श्री लभराज जोशी

वित्तीय विवरणलाई विश्लेषण गर्ने हो भने संस्था धेरै सबल हुँदै गएको देखिन्छ । वित्तीय संस्था गोरेटोबाट राजमार्गतर्फ उन्मुख भएको छ । लाभांस इतिहासमा पहिलो पटक दिएकोले धन्यबाद छ । सबै प्रदेशमा संस्था पुग्नु पर्दछ । सञ्चालक समिति क्रियाशील रहेकेले जोखिमहरु न्यूनिकरण हुँदै गएको छ । कर्मचारीहरु अत्यन्तै मिलनसार भएर सर्मपण भावका साथ कार्य गरेको देख्दछु । आगामी साधारण सभा असोज भित्र गर्न सुझाव छ । ललितपुर क्षेत्रमा बिशेषत पाटन क्षेत्रमा हस्तकला लगायत साना तथा मझौला कर्जालाई प्राथमिकता दिदाँ राम्रो हुन्छ । यस वित्तीय संस्था अन्य कसैसँग विलिन हुन हुँदैन ।

३. श्री शिवप्रसाद पौडेल

प्रोग्रेशिभ फाइनान्सको वित्तीय प्रगतिको उँचाई पानसको दिप जस्तै उज्जवल होस । संस्थाको वित्तीय बिवरण आशलाग्दो तथा प्रगतीउन्मुख रहेको छ । आर्थिक प्रतिवेदनहरु नेपालीमा बनाउन सुझाव छ । सामाजिक उत्तरदायित्व अर्न्तगत देखिने गरि कार्य गरि ज्यापु समाजलाई एम्बुलेन्स दिँदा राम्रो हुन्छ । सबै शेयरधनीहरुले वित्तीय संस्थामा खाता खोली कारोबार गरि सहयोग गर्नुपर्दछ ।

४. श्री शत्रुघन श्रेष्ठ

बोनस शेयर लाभांस दिएकोमा सञ्चालक समितिलाई धन्यवाद छ । संस्थाको खराब कर्जा घटेको तथा वित्तीय बिवरण प्रशंसनिय छ । शाखा सञ्जाल बढाउनु पर्ने देखिन्छ । वित्तीय संस्था प्रगतिउन्मुख छ । आगामी बर्ष दुई अंकको बोनस शेयर लाभाँसको अपेक्षा गर्दछु ।

५. श्री इन्द्रकृष्ण श्रेष्ठ

वित्तीय संस्था नाम जस्तै प्रगतीउन्मुख नै रहेको पाएँ । कर्मचारीहरु छनौट गर्दा स्थानीयलाई प्राथमिकतामा राख्न तथा प्रतिवेदनको आवरण पृष्ठ नेपालीमा बनाउन सुझाव छ ।

६. श्री ब्रह्मदेव शाक्य

संस्थामा संस्थागत सुशासन राम्रो रहनु सुखद पक्ष हो । शेयरधनीहरुलाई लाभाँस दिई सम्मान गरी नयाँ कार्यको शुरुवात गरेको छ । अध्यक्षको प्रतिवेदन राम्रो छ । संस्था ठिक बाटोमा हिँडेको छ । शेयरधनीलाई प्रतिफल दिएकोमा धन्यबाद दिन चाहन्छु ।

७. श्री नरसिंहलाल चँखु

वित्तीय बिवरण राम्रो छ । बोनस शेयर लाभाँस प्रदान गरेकोमा व्यवस्थापन तथा सञ्चालक समितिलाई धन्यवाद छ । आगामी दिनमा व्यवसाय तथा खुद ब्याज आम्दानी बढाउन तथा खराब कर्जा घटाउनका लागि सुझाव दिन्दछु ।

८. श्री रोजकुमार श्रेष्ठ

वित्तीय संस्थाको नाम परिवर्तन सँगसँगै प्रगतीउन्मुख छ । ऐतिहासिक रुपमा नै बोनस शेयर शेयरधनीहरुलाई दिएको छ । कानूनी कारवाहीमा संस्था नपरेकोले प्रशंसनीय छ । अहिलेको समयमा चुक्ता पुँजी नबढाई वित्तीय संस्था अगाडी बढाउन सकिँदैन । वित्तीय बिवरण NFRS अनुसार सुचना जानकारी भएको भए राम्रो हुने थियो ।

९. श्री रामगोपाल महर्जन

बोनस शेयर लाभांस शेयरधनीहरुलाई दिएको कार्य प्रशंसनीय भएकोले व्यवस्थापन तथा सञ्चालकलाई धन्यवाद छ । आगामी बर्ष दुई अंकको बोनस दिनु पर्दछ । वित्तीय बिवरणले आशा देखाएको छ । नयाँ सञ्चालकले राम्रो गर्न सक्नुहुनेछ । पुरानो कर्जाको अवस्थामा प्रष्टता हुनु पर्ने, कर्मचारीहरुको वृत्ति विकास समय अनुरुप हुनु पर्ने सुझाव दिन्छु ।

१०. श्री उत्सव श्रेष्ठ

सामाजिक उत्तरदायित्व अर्न्तगत अपांगता क्षेत्रमा काम गर्न पर्ने । आर्थिक प्रतिवेदनमा सञ्चालकको खर्च उल्लेख भएको देखिएन । बोनस शेयर जारी गर्दा हुन आउने भिन्न अंक (Fraction) लाई कसरी व्यवस्थापन गर्ने भनेर उल्लेख हुनु पर्ने । शेयरधनीहरुलाई लाभाँस दिएको उल्लेखनीय छ ।

११. **सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको अध्यक्षज्यूबाट जवाफ :**

बार्षिक प्रतिवेदन उपर वक्ता शेयरधनीहरुले औंल्याउनुभएको कैफियत तथा अमुल्य सुझावहरु प्रति धन्यवाद दिँदै उक्त कमी कमजोरीहरुलाई आगामी दिनमा सुधार गर्दै लैजाने प्रतिवद्धता व्यक्त गर्दछौं । हाल प्रोग्रेशिभ फाइनान्स राम्रो लयमा संचालन भइरहेको छ । छोटो समयमा तथा कोभिडले आर्थिक प्रणालीमासमेत



Progressive Finance Ltd. 2051

नकारात्मक असरहरु देखा परेको अवस्थामा समेत शाखाहरु विस्तार गरी संचालनमा ल्याएका छौं । प्रत्येक प्रदेशमा कम्तीमा ३ वटा शाखाहरु रहनेगरी शाखा सञ्चालन गर्ने योजना अनुरुप नै शाखा विस्तार गर्ने लक्ष्य रहेको छ । हामीसँग वृद्धिका लागि राम्रो अवसर भएपनि कर्जा लगानी गर्न धेरै चुनौतिहरु रहेका छन् । साधारण सभा सकेसम्म आश्विन मसान्तभित्रै सम्पन्न गर्न प्रयासरत रहनेछौं । मर्जर र एक्विजिशनका विषयमा नेपाल राष्ट्र बैंकले बाध्यकारी व्यवस्था नगरेको अवस्थामा संस्थाले आफ्नो अस्तित्व बचाइराख्ने र क्षमता विकास गरी क्रमशः "ख" तथा "क" वर्गको बैंकमा स्तरोन्नतिका निमित्त हाम्रो अथक प्रयास रहनेछ । आगामी दिनमा आर्थिक प्रणालीहरु चलायमान रुपमा सकारात्मक रह्यो भने लगानीककर्ताहरु लाई दुई अंकको बोनस शेयर प्रदान गर्न सक्षम हुनेछौं । गर्नेछौ ।

१३. **बार्षिक साधारण सभाको निर्णय** :

(क) **सामान्य प्रस्तावहरु** :

**१. संचालक समितिको तर्फबाट प्रस्तुत बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।**

संचालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०७७/०७८ को संचालक समितिको प्रतिवेदन उपर छलफल पश्चात पारित गर्न अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नुभएकोमा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

**२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सान विवरण (अन्य विस्तृत आम्दानीको विवरण सहित), नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण आदि सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने सम्बन्धमा ।**

लेखापरीक्षकको आ.व.२०७७/०७८ को लेखापरीक्षण प्रतिवेदन सहित २०७८ आषाढ मसान्तसम्मको वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सान विवरण (अन्य विस्तृत आम्दानीको विवरण सहित), नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण आदि सहितको वित्तीय विवरण माथि छलफल पश्चात पारित गर्न अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव सर्वसम्मतीबाट स्वीकृत गरी पारीत गरियो ।

**३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७८/०७९ को लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम वाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।**

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक बर्ष २०७८/७९ का लागी लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी अध्यक्षज्यूले यस साधारण सभा समक्ष निर्णयार्थ प्रस्ताव पेश गर्नुभएकोमा संस्थाको लेखापरीक्षण समितिको मिति २०७८/११/१५ गते बसेको बैठकले गरेको सिफारिस बमोजिम रन्जीव एण्ड एशोशिएट्सका चार्टर्ड एकाउन्टेन्ट्स श्री रन्जीव श्रेष्ठलाई लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको लेखापरीक्षण तथा कर परीक्षण बापत पारिश्रमिक कर बाहेक रु. ३,००,०००।- (रुपैयाँ तीन लाख मात्र) निर्धारण गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

**४. संचालक समितिबाट प्रस्ताव गरे बमोजिम आ.ब.२०७७/०७८ सम्मको मुनाफा तथा शेयर प्रिमियमबाट संस्थाको चुक्ता पूँजी रु.८०,०१,००,०००/- को ६.० प्रतिशत बोनश शेयर वितरण गरिने हुँदा सो बापत कर प्रयोजनार्थ नगद लाभांश ०.३१५८ प्रतिशतले हुने रकम रु.२५,२६,६३२/- (अक्षरेपी: पच्चिस लाख छब्बिस हजार छ सय बत्तीस रुपैया मात्र) वितरण गर्ने प्रस्ताव पारित गर्ने ।**

संचालक समितिबाट प्रस्ताव गरे बमोजिम आ.ब.२०७७/०७८ सम्मको मुनाफा तथा शेयर प्रिमियमबाट संस्थाको चुक्ता पूँजी रु.८०,०१,००,०००/- को ६.० प्रतिशत बोनश शेयर वितरण गरिने हुँदा सो बापत कर

प्रयोजनार्थ नगद लाभांश ०.३१५८ प्रतिशतले हुने रकम रु.२५,२६,६३२/- (अक्षरेपी: पच्चिस लाख छब्बिस हजार छ सय बत्तीस रुपैया मात्र) वितरण गर्ने सर्वसम्मतबाट निर्णय गरि पारित गरियो ।

**५. संचालक समितिबाट संस्थापक समुहको तर्फबाट प्रतिनिधित्व गर्ने रिक्त संचालक पदमा भएको नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा ।**

संचालक समितिबाट सञ्चालक श्री लक्ष्मी प्रसाद महर्जनले दिनुभएको राजीनाम स्वीकृत गरि रिक्त रहेको सञ्चालक पदमा मिति २०७८/०५/०१ गते बसेको सञ्चालक समितिको ४६४ औं बैठकले गरेको निर्णयअनुसार बाँकी अवधिका निम्ति श्री विकास महर्जनलाई संस्थापक समुहको तर्फबाट प्रतिनिधित्व गर्ने रिक्त संचालक पदमा गरेको नियुक्ति अनुमोदन गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

**६. विविध**

यस शिर्षक अन्तर्गत छलफल गरी निर्णय गर्नुपर्ने कुनै थप प्रस्तावहरु नभएको हुँदा यस विविध शिर्षक माथि छलफल नभएको ।

**ख) विशेष प्रस्तावहरु:**

**१. संचालक समितिबाट प्रस्ताव गरे बमोजिम कम्पनीको चुक्ता पूँजीको ६.० प्रतिशतका दरले हुन आउने रु.४,८०,०६,०००/- (अक्षरेपी: चार करोड असी लाख छ हजार मात्र) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृत गर्ने र बोनस शेयर जारी गर्दा कम्पनीको प्रस्तावित अधिकृत, जारी तथा चुक्ता पूँजीको बृद्धि गर्ने र सोहि अनुसार प्रबन्धपत्र संसोधनलाई स्वीकृत गर्ने ।**

संचालक समितिबाट प्रस्ताव गरे बमोजिम कम्पनीको चुक्ता पूँजीको ६.० प्रतिशतका दरले हुन आउने रु.४,८०,०६,०००/- (अक्षरेपी: चार करोड असी लाख छ हजार मात्र) बराबरको बोनस शेयर वितरण गर्न सर्वसम्मत स्वीकृत गर्ने र बोनस शेयर जारी गर्दा कम्पनीको प्रस्तावित अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजीको बृद्धि गर्ने र सोहि अनुसार अधिकृत पूँजी ८४,८१,०६,००० /- (अक्षरेपी: चौरासी करोड एकासी लाख छ हजार मात्र), जारी पूँजी ८४,८१,०६,००० /- (अक्षरेपी: चौरासी करोड एकासी लाख छ हजार मात्र), तथा चुक्ता पूँजी ८४,८१,०६,००० /- (अक्षरेपी: चौरासी करोड एकासी लाख छ हजार मात्र) कायम हुने गरि प्रबन्धपत्र संसोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

**२. प्रबन्धपत्र तथा नियमावलीको संसोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न सुझाव प्राप्त भएमा सो अनुरुप समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने ।**

वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा संसोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव परित गर्ने तथा प्रबन्धपत्र तथा नियमावलीको संसोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न सुझाव प्राप्त भएमा सो अनुरुप समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने सम्बन्धी विशेष प्रस्ताव सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

**३. यस वित्तीय संस्था र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने, "बैंक तथा वित्तीय संस्था प्राप्ति (Acquisition) सम्बन्धी विनियमावली, २०७०" बमोजिम एक्विजिसन गर्ने गराउने, सो सम्बन्धमा वित्तीय संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (Due Diligence Audit) गर्ने, मान्यता प्राप्त परामर्शदाता, मूल्याङ्कनकर्ता तथा लेखापरीक्षकहरु नियुक्त गर्ने, निजहरुको पारिश्रमिक निर्धारण गर्ने, गाभ्ने/गाभिने, एक्विजिसन सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र अन्य प्रक्रिया समेत पूरा गरी सोमा हस्ताक्षर गर्ने लगायत गाभ्ने/गाभिने वा**



Progressive Finance Ltd. 2051

**एक्विजिसन गर्ने गराउने कार्यसँग सम्बन्धित आवश्यक सम्पूर्ण प्रकृया पूरा गर्न सञ्चालक समितिलाई अख्तियारी दिने । (संस्थाको अस्तित्व रहने गरि विगत साधारण सभाको निरन्तरताका लागि)**

यस वित्तीय संस्था र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने, "बैंक तथा वित्तीय संस्था प्राप्ति (Acquisition) सम्बन्धी विनियमावली, २०७०" बमोजिम एक्विजिसन गर्ने गराउने, सो सम्बन्धमा बित्तीय संस्थाको चलअचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit) गर्ने, मान्यताप्राप्त परामर्शदाता, मूल्याङ्कनकर्ता तथा लेखापरीक्षकहरु नियुक्त गर्ने, निजहरुको पारिश्रमिक निर्धारण गर्ने, गाभ्ने/गाभिने, एक्विजिसन सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र अन्य प्रक्रिया समेत पूरा गरी सोमा हस्ताक्षर गर्ने लगायत गाभ्ने/गाभिने वा एक्विजिसन गर्ने गराउने कार्यसँग सम्बन्धित आवश्यक सम्पूर्ण प्रकृया पूरा गर्न सञ्चालक समितिलाई अख्तियारी दिने (संस्थाको अस्तित्व रहने गरि विगत साधारण सभाको निरन्तरताका लागि) सम्बन्धी विशेष प्रस्ताव सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

**<u>धन्यवाद ज्ञापन तथा सभा विसर्जन :</u>**

यस पच्चिसौं वार्षिक साधारण सभाको सूचनामा तोकिए बमोजिमका प्रस्तावहरु माथि छलफल तथा निर्णयको क्रम समाप्त भएको हुँदा अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै वहाँहरुबाट प्राप्त मार्गदर्शन महत्वपूर्ण रहेको धारणा व्यक्त गर्दै आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु, लेखापरीक्षक, वित्तीय संस्था संचालनको क्रममा सहयोग गर्ने सम्पूर्ण नियमनकारी निकायहरु, पत्रकार, व्यवस्थापन लगायत उपस्थित सवैमा हार्दिक आभार तथा धन्यवाद ज्ञापन सहित सभा विसर्जन गर्नुभयो ।

| | |
|---|---|
| विशाल हुमागाईं<br>कम्पनी सचिव | किशोर कुमार महर्जन<br>अध्यक्ष |

संस्थाको छाप : Progressive Finance Ltd. 2051

मिति : २०७८ चैत्र १६ गते बुधबार